# सहकारी खेती स्किम र सहकारी तथा साना सिंचाई कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

**<u>प्रस्तावनाः</u>** सहकारी खेति मार्फत दलित तथा सामाजिक रुपमा विपन्न पिछडिएका जनजाती, महिला, सुकुम्वासी, मुक्त कमैया र भूमिहिन कृषकलाई सम्भावताका आधारमा अतिक्रमण नहुने गरी सामुदायिक वन, मुक्त कमैया क्षेत्र, नयाँ वृक्षारोपण भएको क्षेत्र, विद्युतीय प्रसारण लाईनमुनि रहेको खाली जग्गा र सरकारी बाझों जग्गामा खेति प्रोत्साहन गर्न आवश्यक देखिएकोले, प्रदेश सरकार प्रदेश नं ५ को आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रमको बुँदा नं ५७ र ७० लाइ सम्बोधन गर्न प्रदेश सरकार, प्रदेश नं ५ कृषि विकास निर्देशनालय, को आर्थिक वर्ष २०७५/७६ को सहकारी खेती स्किम र सहकारी तथा साना सिंचाई कार्यक्रम कार्यान्वयनको लागि प्रदेश सरकार, प्रदेश नं ५ कृषि विकास निर्देशनालयले "सहकारी खेती स्किम सहकारी तथा साना सिंचाई  कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" तर्जुमा गरी लागू गरेकोछ।

## परिच्छेद -१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम सहकारी खेती स्किम र सहकारी खेती साना सिंचाई कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।

(ख) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तरगतको कृषि विकास निर्देशनालय सम्झनुपर्छ ।

(ग) "कार्यालय" भन्नाले कृषि ज्ञान केन्द्र सम्झनुपर्छ ।

(घ) "कार्यक्रम" भन्नाले सहकारी खेती स्किम र सहकारी तथा साना सिंचाई कार्यक्रम सम्झनुपर्छ ।

(ङ) "समिति" भन्नाले यस कार्यविधिको दफा ५ अनुसार गठित कृषि ज्ञान केन्द्रस्तर अनुदान व्यवस्थापन तथा प्राविधिक समिति सम्झनुपर्छ ।

(च) "सहकारी संस्था" भन्नाले सहकारी ऐन,२०७४ बमोजिम सामूहिक खेती वा कृषि व्यवसाय गर्ने उद्देश्यले गठन भएको सहकारी संस्थालाई सम्झनु पर्छ ।

(छ) "सहकारी खेती" भन्नाले नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा, स्थानीय निकायको स्वामित्व वा नियन्त्रणमा रहेको जग्गा, करारमा लिइने जग्गा,

सार्वजनिक रुपमा उपभोग भई रहेको जग्गा वा ती जग्गाहरुमा सामुहिक रुपमा पुँजी र श्रम लगानीको आधारमा प्रतिफल प्राप्त गर्ने उद्देश्यले सहकारी संस्था मार्फत कृषि वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण गर्नका लागि गरीने खेती प्रणालीलाई सम्झनुपर्छ ।

(ज) "लक्षित बर्ग" भन्नाले दलित तथा सामाजिक रुपमा विपन्न पिछडिएका जनजाती, महिला, सुकुम्वासी, मुक्त कमैया र भूमिहिन कृषकलाई सम्झनुपर्छ।

३. **उद्देश्यहरु:** यस कायविधिका उद्देश्यहरु देहायबमोजिम हुनेछन्:-

(क) सहकारी खेती प्रणाली मार्फत लक्षित वर्गको जीवनस्तर माथी उठाउने ।

(ख) सहकारी खेतीबाट लक्षित क्षेत्रको जग्गा सदुपयोग गर्ने ।

(ग) सिंचित क्षेत्रको विस्तार गरी उत्पादन र उत्पादकत्व बृदि गर्ने।

## परिच्छेद २

## कार्यक्रम कार्यान्वयन प्रकृया

४. **सुचना प्रकाशन:** सम्वन्धित कार्यालयहरुले स्वीकृत कार्यक्रम अनुसार प्रचलित कानुन बमोजिम सुचना प्रकाशन गर्नेछन्।

५. **कृषि ज्ञान केन्द्रस्तर कार्यक्रम कार्यान्यवयन समिति** : स्वीकृत अनुदान कार्यक्रमहरु कार्यान्वयन व्यस्थापन प्रयोजनार्थ सम्वन्धित कृषि ज्ञान केन्द्रमा देहायबमोजिमको कृषि ज्ञान केन्द्रस्तर कार्यक्रम कार्यान्यवयन समिति रहनेछ ।

| | |
|---|---|
| प्रमुख, कृषि ज्ञान केन्द्र | संयोजक |
| अधिकृत प्रतिनिधि, सम्वन्धित जिल्लाको जिल्ला समन्वय समिति | सदस्य |
| प्रतिनिधि, सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य |
| प्रतिनिधि जिल्ला सिंचाई डिभिजन | सदस्य |
| प्रतिनिधि जिल्ला सहकारी संघ | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख, कृषि ज्ञान केन्द्र | सदस्य |
| प्रमुखले तोकेको अधिकृत, कृषि ज्ञान केन्द्र | सदस्य सचिव |

आवश्यकता अनुसार ३ जना विषय विज्ञ आमन्त्रण गर्न सकिने ।

६. **समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) आवेदनका लागि प्रचलित कानुन बमोजिम हुने गरी न्युनतम मापदण्ड र संलग्न गर्नुपर्ने कागजातहरु निर्धारण गरि सार्वजनिक गर्न कार्यालयलाई सिफारिस गर्ने।

(ख) कार्यक्रमहरुमा प्रस्ताव पेश गर्नका लागि प्रस्तावको ढाँचा तोक्ने।

(ग) प्राप्त प्रस्तावहरु मूल्याङ्कनका लागि ३ सदस्य रहेको मूल्याङ्कन उपसमिति गठन गरी स्वीकृत न्युनतम मापदण्ड पुरा गरे नगरेको आधारमा प्रारम्भिक छनौट ( प्रि स्क्रिनिङ्ग) गरी समितिमा सिफारिस गर्ने जिम्मेवारी दिने र स्थलगत निरिक्षण समेत गरी अन्तिम मूल्याङ्कन प्रतिवेदन समेत समितिमा पेश गर्ने जिम्मेवारी दिने।

(घ) उपसमितिको प्रतिवेदन समेत अध्ययन गरी पेश भएका प्रस्तावहरु छनौट हुने/नहुने निर्णय गर्ने ।

(ङ) कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने र प्रभावकारी कार्यान्वयनका लागि कार्यालयलाई राय सुझाव दिने ।

७. **कार्यक्रम र अनुदान प्रवाहको विवरणः** कार्यक्रम र अनुदान प्रवाहको विवरण तालिका १ बमोजिम हुनेछ।

**तालिकाः १**

| क्र.सं. | कार्यक्रम | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान | कैफियत |
|---|---|---|---|---|
| १ | सहकारी खेती स्किम कार्यक्रम | चालु खर्चः<br>यस अन्तरगत बढीमा कुल अनुदान रकमको ३०%<br>निम्न बमोजिमका कार्यको लागि खर्च गर्ने ।सहकारी सचेतना तथा पूर्व सहकारी शिक्षा तालिम, सहकारी व्यवस्थापन तालिम, सहकारी लेखा प्रणाली सम्बन्धी तालिम, कृषि/पशु तालिम सहकारी सचेतना<br>तथा पूर्व सहकारी शिक्षा तालिम, सहकारी व्यवस्थापन तालिम, सहकारी लेखा प्रणाली सम्बन्धी तालिम, कृषि/पशु तालिम आदि ।<br>आदि ।<br><br>पूँजीगत खर्चः<br>यस अन्तरगत बढिमा कूल अनुदान रकमको ७०%<br>सम्म निम्न बमोजिमका कार्यका | ८५ प्रतिशत | |

| | | | | |
|---|---|---|---|---|
| | | लागि खर्च गर्ने । ज स्तै - औजार, यन्त्र उपकरण, मेशिनरी, पशुवस्तु तथा निर्माण कार्यहरु आदी । | | |
| २ | सहकारी सिंचाई कार्यक्रम | ससाना सतह सिंचाई प्रणाली संरचनाहरु, वर्षाको पानी जम्मा गर्ने पानी पोखरीहरु, भूमिगत सिंचाई प्रणाली, नवीतम प्रविधिमा आधारीत सिंचमई प्रणाली र मर्मत साभार । | ८५ प्रतिशत | |

८. **<u>अनुदान रकम भुक्तानी</u>** : अनुदान रकम भुक्तानी सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ।

(क) कार्यक्रम सञ्चालनका लागी छनौट पश्चात द्विपक्षिय सम्झौता गरी कार्यालयले कार्यदेश दिनेछ ।कार्यसम्पन्न भएपश्चात अनुदानग्राहीले कार्यसम्पन्न प्रतिवेदन र आवश्यक विल भर्पाई सहित तोकिएको समयभित्र भुक्तानी माग गर्नुपर्नेछ र सो अनुसार कार्यालयले स्थलगत निरिक्षण पश्चात सम्पादित कार्यका आधारमा भुक्तानी गर्नेछ।

(ख) स्वीकृत अनुदान रकममा सुचना प्रकाशन, विज्ञ सेवा, बैठक खर्च, अनुगमनमा औचित्य र आवश्यकता अनुसार खर्च गर्ने गरी अधिकतम ५ प्रतिशत कन्टीन्जेन्सी रकम र प्रचलित कानुन बमोजिम कर कट्टि गरी भुक्तानी गर्नेछ ।

## परिच्छेद ३
## <u>विविध</u>

९. **<u>कार्यक्रम अनुगमन</u>** : आवश्यकता अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, सम्बन्धित स्थानिय तह तथा सम्वन्धित कृषि ज्ञान केन्द्र र समितिबाट कार्यक्रमको अनुगमन हुनेछ।

१०. **<u>कारवाहीको व्यवस्था</u>** : सम्झौता अनुसार कार्य नगर्ने तथा अनुदान रकमको दुरुपयोग गर्ने अनुदान ग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

११. **बाधा अड्चन, निरुपण, खारेजी र संसोधन** : (१) यस कार्यविधि कार्यान्वयनमा बाधा, द्विविधा वा विवाद भएमा सो को निरुपण समितिले गर्नेछ ।

(२) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधि संसोधन तथा खारेज गर्न सक्नेछ ।